# आकाशवाणी समाचार- नेपाली

मितिः २८ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले मुख्यमंत्रीहरू र उपराज्यपालहरूसितको बैठकमा पश्चिम एशियामा बदलिन्दो स्थिति बीच आर्थिक र व्यापारिक स्थिरता बनाई राख्न, ऊर्जा सुरक्षा सुनिश्चित गर्न, नागरिकहरूको हितहरूको रक्षा अनि उद्योग तथा आपूर्ति व्यवस्थालाई बलियो बनाउनु सरकारको सब भन्दा ठूलो प्राथमिकताहरू बनेको भन्नु भयो।

- गृहमन्त्री अमित शाहले पश्चिम एसियामा तनावका कारण विश्वव्यापी उथलपुथलको बाबजुद पनि भारतको दैनिक जीवन प्रभावित नभएको र देशले संकटको प्रभावकारी ढंगमा सामना गरिरहेको बताएउनु भेको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज जेवर अन्तर्राष्ट्रीय हवाइ अड्‌डाको उद्घाटन गर्नु हुने छ।

- उपराष्ट्रपति सी.पी.राधाकृष्णन आज झारखण्डको भ्रमणमा रहनु हुने छ।

- पश्चिम बंगालका कतिपय भागहरूमा भएका हालका हिंसा र अ-शांति बीच चुनाव आयोगले पुलिस प्रशासनमाथि आफ्नो निगरानी बढ़ाएको छ।

- 19औन आइपीएल आज देखि शुरू हुन्दै छ।

## पश्चिम एशिया पर प्रधानमंत्री-मुख्यमंत्रियों की बैठक

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नु भएको छ -पश्चिम एशियामा बदलिन्दो स्थिति बीच आर्थिक र व्यापारिक स्थिरता बनाई राख्न, ऊर्जा सुरक्षा सुनिश्चित गर्न, नागरिकहरूको हितहरूको रक्षा अनि उद्योग तथा आपूर्ति व्यवस्थालाई बलियो बनाउनु सरकारको सब भन्दा ठूलो प्राथमिकताहरू बनेका छन्। श्री मोदीले हिजो साँझ राज्यहरूका मुख्यमंत्रिहरू अनि केंद्र शासित प्रदेशहरूका उपराज्यपालहरूका साथ एक उच्च-स्तरीय वर्चुअल बैठकको अध्यक्षता गर्दै यी कुराहरू भन्नु भयो। यस बैठकको उद्देश्य पश्चिम एशियामा जारी संघर्ष तथा भारतमाथि त्यसको संभावित असरलाई मद्देनजर राख्दै देशको तयारिहरूको समीक्षा गर्नु थियो। बैठकको बेला प्रधानमंत्रीले सतर्कता, अघिबाटै योजना बनाउने अनि केंद्र र राज्यहरू बीच बिना कुनै अवरोध तालमेल बनाई रख्ने कुरा माथि ज़ोर दिनु भयो। उहाँले देश माथि कुनै पनि संभावित असरलाई प्रभावी ढंगले संभालनका लागि 'टीम इंडिया' को रूपमा मिलेर काम गर्ने आह्वान गर्नु भयो। श्री मोदीले विश्वास व्यक्त गर्दै भन्नु भयो 'टीम इंडिया' को तवरमा मिलेर काम गर्दै देश उदित भइरहेका चुनौतिहरूको सफलतापूर्वक सामना गर्नेछ। उहाँले भन्नु भयो - बदलिन्दो स्थिति बीच लगातार नज़र बनाइ राख्न र तेज़ गतिले परिवर्तन भइरहेको स्थिति अनुसार कदम उठाने खाँचो छ।

प्रधानमंत्री मोदीले विगतका अनुभवहरूको उल्लेख गर्दै भन्नु भयो - कोविड-19 महामारीको बेला केंद्र र राज्यहरूले 'टीम इंडिया' को तवरमा काम गरेका थिए।

उहाँले थप भन्नु भयो कि वर्तमान चुनौतिहरूको सामना गर्न सहयोगको भावना महत्वपूर्ण हुन्छ अनि सामूहिक ज़िम्मेवारी र तालमेल नै भारतको सब भन्दा ठूलो शक्ति हो।

राज्यहरूको भूमिकामाथि प्रधानमंत्रीले केंद्रका साथ बिना कुनै अवरोध कुराकानी गर्ने अनि ज़मीनी स्तरमा काम ग्रने खाँचो माथि ज़ोर दिनु भयो। श्री मोदीले राज्यहरूसित अपील गर्नु भयो कि आपूर्ति व्यवस्थालाई उनिहरूले बनाई राख्ने कुरालाई सुनिश्चित गरून अनि जमाखोरी तथा मुनाफाखोरी विरूद्ध कड़ा कदम उठाउन। उहाँले राज्य र ज़िल्ला स्तरमा कंट्रोल रूम बनाउने

तथा प्रशासनिक स्तरमा सतर्कता बनाई राख्ने महत्वमाथि पनि जोर दिनु भयो। उहाँले भन्नु भयो कि यस महीनेको 3 तारीखबाट एक अंतर-मंत्रालय समूह प्रतिदिन स्थितिको समीक्षा गरि रहेको छ तथा निर्णयहरू ली रहेको छ।

श्री मोदीले कृषिमा विशेष गरि खरीफ मौसम भन्दा अघि पर्याप्त मलको उपलब्धता सुनिश्चित गर्ने कुरा माथि अघिबाटै योजना बनाउने महत्वमाथि चर्चा गर्नु भयो। उहाँले अफवाहहरू प्रति सावधान पनि गराउनु भयो तथा राज्यहरूलाई सल्ला दिन्दै घबराहट रोक्नका लागि सही जानकारी जनता समक्ष पुर्याउने कुरा माथि जोर दिनु भयो। उहाँले भन्नु भयो सीमावर्ती र तटीय राज्यहरूमा विशेष ध्यान दिनु पर्छ जसले शिपिंग, ज़रूरी चीज़बीजहरू आपूर्ति र समुद्री गतिविधिहरूसित जुड़ेका चुनौतिहरूको सामना गर्न सकियोस।

उहाँले राज्यहरूसित भन्नु भयो कि जुन नागरिक पश्चिम एशियामा छन् उनिहरूका प्रभावित परिवारहरूको राज्यले पनि मदद गर्नका लागि हेल्पलाइन नम्बर शुरू गरून अनि सहायता व्यवस्था बनाउन।

प्रधानमंत्री भन्नु भयो भारतको आर्थिक र आपूर्ति व्यवस्थालाई मज़बूत गर्ने वर्तमान प्रयास लाभदायक प्रमाणित हुन्दै छन। उहाँले उत्पादन र रोज़गारमा स्थिरता सुनिश्चित गर्नका लागि उद्योग र सूक्ष्म, लघु अनि मध्यम उद्यमहरूसित लगातार संपर्क बनाई राख्ने आह्वान पनि गर्नु भयो साथै सबै प्रशासनिक स्तरमा नियमित समीक्षा अनि निगरानीमाथि पनि ज़ोर दिनु भयो। श्री मोदीले राज्यहरूसित सौर ऊर्जा, जैव ईंधन र इलेक्ट्रिक मोबिलिटी जस्ता वैकल्पिक ऊर्जा स्रोतहरूलाई अपनाउने कामको गतिलाई तेज़ गर्ने आग्रह गर्नु भयो साथै पाइपद्वारा प्राकृतिक गैसको बुनियादी ढांचाको विस्तार गर्न पनि भन्नु भयो। उहाँले राज्यहरूको सक्रिय सहयोगद्वारा तेल र गैसको घरेलू खोजलाई बढ़ाउने खांचो माथि पनि ज़ोर दिनु भयो।

बैठकको बेला रक्षा मंत्री राजनाथले भन्नु भयो - सरकार यस संकट सित जुध्न तत्पर छ अनि तत्काल कदम उठाइरहेको छ। जस्तै कि लिक्विफाइड पेट्रोलियम गैस-एलपीजीलाई समयमा उपलब्धता सुनिश्चित गर्न तथा पेट्रोल र डीज़लमाथिको एक्साइज़ ड्यूटी कम गर्नु।

विभिन्न राज्यहरूका मुख्यमंत्रिहरूले वर्तमान परिस्तिको सामना गर्न केंद्र सरकार द्वारा उठाइएका पाइलाहरूको प्रशंसा गरे। राज्यहरूले यस संकटको घड़ीमा विदेशमा रहने भारतीय नागरिकहरूको सहायता सुनिश्चित गर्नका लागि प्रधानमंत्री द्वारा अलग-अलग देशहरूमा गरिएका कूटनीतिक संपर्कको पनि सरहना गरे। मुख्यमंत्रिहरूले ईंधनमाथिको एक्साइज़ ड्यूटी कम गर्ने निर्णयको ज़ोरदार स्वागत गरे अनि भने कि यसले दुनिया भरी विद्यमान अनिश्चितताहरू बीच नागरिकहरूलाई धैरै राहत दिनेछ। उहाँले राज्यहरू र केंद्र शासित प्रदेशहरूलाई कमर्शियल एलपीजीको कोटा 50 प्रतिशतले बढ़ाएर संकट भन्दा पहिलाको स्तरको 70 प्रतिशत ग्रने निर्णयको पनि स्वागत गरे। मुख्यमंत्रिहरूले विश्वास व्यक्त गर्दै भने कि स्तिति स्थिर बनेको छ तथा पेट्रोल, डीज़ल र एलपीजीको पर्याप्त उपलब्धता छ साथै ज़रूरी चीज़बीजहरूको बिना कुनै अवरोध सप्लाई सुनिश्चित गर्ने लगातार निगरानी व्यवस्था गरिन्दै छ। राज्यहरूले थप बताए कि परिवर्तित परिस्तितिलाई संभाल्न अनि नागरिकहरूको हित रक्षा गर्नका लागि उनिहरू केंद्र सरकार सित मिलेर काम गर्न पूर्ण रूपले तयार छन्।

**अमित शाह - पश्चिम एसिया -1**

गृहमन्त्री अमित शाहले पश्चिम एसियामा तनावका कारण विश्वव्यापी उथलपुथलको बाबजुद पनि भारतको दैनिक जीवन प्रभावित नभएको र देशले संकटको प्रभावकारी ढंगमा सामना गरिरहेको बताएउनु भेको छ। हिजो साँझ नयाँ दिल्लीमा एक निजी मिडिया सम्मेलनलाई सम्बोधन गर्दै गृहमन्त्रीले भन्नु भयो - विगत एक दशकमा पेट्रोलियम भण्डारणलाई बलियो बनाउन र सुरक्षित गर्न सरकारको निरन्तर प्रयासले आज यो आपूर्ति स्थिरता सुनिश्चित गरेको छ। श्री शाहले जोड दिन्दै भन्नु भयो - धेरै देशहरूले इन्धनको मूल्यमा तीव्र वृद्धि अनुभव गरिरहेका छन्, भारतले पेट्रोल र डिजेलको मूल्यमा लगभग कुनै प्रभाव नपारी स्थिर आपूर्तिलाई कायम राखेको छ।

उहाँले भन्नु भयो - धेरै देशहरूले इन्धनको प्रयोगमाथि प्रतिबन्ध समेत लगाउन परेको छ तथा आपतकालीन उपायहरू सहित गम्भीर अवरोधहरूको सामना पनि गरिरहेका छन् तर भारत यस संकटको समयमा पनि स्थिरताई बनाई राखेको छ।

**...........बाइट - अमित शाह -..........1**

श्री शाहले भन्नु भयो - सरकारले पेट्रोलियम भण्डारलाई बढाउने र आयात स्रोतहरूलाई विविधीकरण गर्ने सहित ऊर्जा सुरक्षा बढाउन दीर्घकालीन उपायहरूलाई अपनाएको छ। उहाँले भन्नु बयो - भारतले अहिले ४२ देशहरूबाट पेट्रोलियम उत्पादहरूको आयात गरिरहेकोछ, जुन २०१४ मा २७ थियो र यसले देशको आपूर्ति स्थिरतालाई सुनिश्चित गरिरहेकोछ।

उहाँले भन्नु भयो - एलपीजी उत्पादनमा वृद्धि र लगभग ९८ प्रतिशत रेलवे सञ्चालनको विद्युतीकरणले इन्धन निर्भरतालाई कम गरेको छ अनि वर्तमान अवस्थालाई व्यवस्थापन गर्न मद्दत गरेको छ। श्री शाहले नागरिकहरूलाई उनीहरूको सामान्य आवश्यकता अनुसार पेट्रोल र डिजेल खरिद गर्न जारी राख्न आग्रह गर्नु भयो तथा आपूर्तिमा कुनै कमी नहुने आश्वासन दिनु भयो।
अमित शाह - पश्चिम एसिया -2

उहाँले जोड दिन्दै यो पनि भन्नु भयो कि भारतको विदेश नीतिले वैश्विक शान्ति र संयमको वकालत गर्दै सबै देशहरूसँग सन्तुलित सम्बन्ध कायम राख्नमा केन्द्रित छ। उहाँले केन्द्र सरकारले आफ्नो राजस्वमा कटौती गर्दै तेल कम्पनिहरूलाई हुने घाटाको निदान गरेको छ। उहाँले भन्नु भयो.....

**.........बाइट - अमित शाह -.......2**

**<u>शाह एसआईआर</u>**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथागृहमंत्री अमित शाहले भन्नुभयो ,मतदाता सूचीको विशेष गहन संशोधन –एसआईआर को उद्देश्य फर्जी दस्तावेजहरूको आधारमा मतदाता सूचीहरूमा सामेल घुसपैठीहरूको नाम हटाउनु हो। हिज साँझ नयाँ दिल्लीको निजी मीडिया शिखर सम्मेलनमा श्री शाहले यस प्रक्रियाको उदेश्य मतदाता सूचीहरूको शुद्धता अनि सठीकता सुनिश्चित गर्न हो भन्नुभयो। उहाँले भन्नुभयो , तामिलनाडु र केरल सहित कैयंन राज्यमा एसआईआर प्रक्रिया ठूलो आपत्ति बिना पूर्ण भईसकेको छ। उहँले बताउनुभयो कि मुख्य रूपमा पश्चिम बंगालबाट आपत्तिहरू आएका छन् जबकि अन्य राज्यहरूमा यो प्रक्रिया सुचारू रूपमा सम्पन्न भएको छ।

असमको शासन व्यवस्थाको उल्लेख गर्नुहुँदै श्री शाहले भन्नुभयो, सरकारले पछिल्ला केही वर्षहरूमा राज्यमा शान्ति अनि स्थिरता सुनिश्चित गरेको छ। उहाँले भन्नुभयो, १३ शान्ति सम्झौतापछि लगभग ११ हजार मानिसहरू हतियार सुर्पुद गरी मुख्य धारामा सामेल भएका छन्। र कैयन मानिसहरूलाई रोजगारको अवसर प्रदान गरी पुनर्वासित गरिएका छन्। उहाँले भन्नुभयो शान्ति निर्माण र विकासको निरन्तर प्रयासहरूका कारण परिवर्तित असमको विकास यात्रा अधिक विकसित राज्यहरूको हाराहारीमा पुग्न लागेको छ।

**<u>प्रधानमंत्री नोयडा</u>**

प्रधानमंत्री नरेन्द्र मोदी आज उत्तर प्रदेशको जेवरमा नोएडा इन्टरनेशनल एयरपोर्टको पहिलो चरणको उद्‌घाटन गर्नुहुनेछ। यो एयरपोर्ट लगभग ११, २०० करोड़ रूपियाँको कुल निवेशद्वारा पूरा गरिएको छ। टिकाऊ र भविष्यका लागि तयार ईन्फ्रास्ट्रक्चर प्रोज्क्टको रूपमा डिजाईन गरिएको यस एयरपोर्टको लक्ष्य शुन्य कार्बन उत्सर्जनका साथ काम गर्नु हो जसमा ऊर्जा – कुशल तंत्र र पर्यावपरणप्रति असल पद्धति अपनाईएको छ। यो देशको सबैभन्दा बृहत ग्रीनफील्ड एयरपोर्टको प्रोजेक्ट हो जसको उद्‌घाटन भारतको एक वैश्विक विमानन केन्द्र बनिने दिशामा एक महत्वपूर्ण माइलखुट्टी हो।

**<u>उपराष्ट्रपति - झारखण्ड भ्रमण</u>**

उपराष्ट्रपति श्री सी.पी. राधाकृष्णनले आज झारखण्डमा भारतीय प्रबन्धन संस्थान-आईआईएम, राँचीको 15 औं दीक्षांत समारोहमा भाग लिनुहुनेछ र भर्चुअल रियालिटी केस रिपोजिटरीको लोकार्पण गर्नुहुनेछ।

कार्यक्रममा केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान, रक्षा राज्यमन्त्री सन्जय सेठ, झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेन, राज्यपाल सन्तोषकुमार गंगवार र राज्यसभाका उपाध्यक्ष हरिवंशनारायण सिंह पनि उपस्थित रहनुहुनेछ। उपराष्ट्रपति आज बिरसा मुण्डा विमानस्थल पुग्नुहुनेछ र आदिवासी स्वतन्त्रता सेनानी बिरसा मुण्डाको जन्मस्थल खुंटीको उलिहातु गाउँको भ्रमण गर्नुहुनेछ। श्री राधाकृष्णनले राँचीको बिरसा मुण्डा क्याम्पस र बिरसा चोकमा रहेको बिरसा मुण्डाको प्रतिमामा पुष्पांजलि अर्पण गर्नुहुनेछ। पछि उनी आई.आई.एम. राँचीको दीक्षांत समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित रहनु हुनेछ।

**चुनाव आयोग पश्चिम बंगाल**

पश्चिम बंगालका धेरै भागमा हालै भएको हिन्सा र अशान्तिका घटनाहरूमाथि मध्यनजर गर्दै चुनाव आयोगले पुलिस प्रशासनमाथि आफ्नो निगरानी बढ़ाएको छ। आगामी महिना हुन गइरहेको विधानसभा चुनावहरूभन्दा पहिले सम्पूर्ण अधिकारीहरूलाई कड़ा निर्देश जारी गरिएको छ। मुख्य निर्वाचवन अधिकारीको कार्यालयबाट प्राप्त निर्देशहरू अनुसार , सबै गैर - जमानती गिरफ्तारी वारन्टहरूको अनुपालन गरिन पर्नेछ यसका साथै भगौड़े अपराधीहरूलाई पक्रनलाई विशेष प्रयास गरिनेछ।

आयोगले संभावित उपद्रवीहरू , पेशावर अपराधीहरू र चुनावी हिन्सासित जड़ित व्याक्तिहरूको चिन्हित गर्ने आदेश पनि दिएको छ। जिल्ला तथा उप- मण्डल स्तरका अधिकारीहरूलाई सूचना- साझाकरण तटस्थ गर्न नियमित समन्वय बैठकहरू आयोजित गर्न निर्देश जारी गरिएको छ। आयोगले स्पष्ट गरेको छ कि चुनाव डयूटीमा लागी परेका समस्त अधिकारी सोझो रूपमा जवाबदेही हुनेछन् र कुनै प्रकारको लापरवाही वा अनियमितता माथि कठोर अनुशानात्मक कार्यवाही गरिनेछ।

**पुरी-आयल इन्डिया 7.25 am**

पेट्रोलियम एवम् प्राकृतिक ग्याँस मन्त्री हरदीप सिंह पुरीले एकै दिनमा अहिलेसम्मकै उच्चतम तेल र ग्यास उत्पादन हासिल गरेकोमा आयल इन्डिया लिमिटेडलाई बधाई दिनुभएको छ। एक सामाजिक सञ्जालमा पोष्ट गर्दै श्री पुरीले भने, आयल इन्डिया लिमिटेडले बिहीबार 1 लाख 47 हजार 159 ब्यारेल तेल उत्पादन गरेको छ। उहाँले भन्नुभयो, भारतले आफ्नो ऊर्जा पूर्वाधारलाई बलियो बनाइरहेको छ र ऊर्जा आत्मनिर्भरताका लागि पहल गरिरहेको छ।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटको १९औं सत्रआज साँझ बेंगलुरूमा शुरू हुनेछ।उद्घाटन मैचमा चैप्यिन रायल चैलेंजर्स बेंगलुरूको सामना सनराईजर्स हैदराबादसित एम. चिन्नास्वामी स्टेडियम हुनेछ।यो प्रतिस्पर्धा बेलुकी साढ़े सात बजे शुरू हुनेछ।दुई महिना चल्ने यस टुर्नामेन्ट ३१ मईमा टुंगिनेछ।

बेंगलुरूकोटिम आफ्नो घरेलु मैदानमा नयाँ कप्तान रजत पाटीदारे अगुवाईमा िताब बचउन उत्रनेछ। भने सनराईजर्स हैदराबादको कप्तानी कार्यवाहक कपतान ईशान किशनले गर्नेछ गत वष्र जुन महिनामा राल चैलेर्जस बेंगलुरूको चिताबी विजय उत्सवका अवधि स्टेडियम बाहिर भागदौड पचिन्दा ज्यान गुमाने ११ प्रशेसकका प्रति सम्मान व्यक्त गर्न भारतीय क्रिकेट कंट्रोल बोर्डले पारम्परिक उद्घाटन गमारोह रद्ध गरेको छ। अधिकारीहरूले उनीहरूको स्मुतिमा यस सत्रमा स्टेडियमको ११ सीट रिक्त राख्ने घोषणा पनि गरेको छ।